## कटारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कटारी उदयपुर

प्रदेश नं. : १, नेपाल

## विद्युतीय माध्यमबाट औषधि तथा सर्जिकल सामाग्रीहरुको खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको १५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति :- २०७९/०६/१६

सूचना नं. :- ०१ (स्वास्थ्य)

कटारी नगरपालिका अन्तर्गत अस्पतालतथा स्वास्थ्य संस्थाहरुबाट सेवाग्राहीहरुको लागि आधारभूत स्वास्थ्य सेवाप्रदान गर्नवा नि :शूल्क सेवा दिन आ.ब. २०७९/८० को लागि आवश्यक पर्ने औषधिहरु तथा सर्जिकल सामाग्रीहरु विद्युतीय बिधिबाट शिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नु पर्ने भएकाले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक ईजाजत प्राप्त फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, कर चुक्ताको प्रमाणित प्रतिलिपी औषधि व्यवसायी प्रमाणपत्रहरु नोटरी क्लबबाट प्रमाणीत गराई निम्न सर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र खरिद गर्न सकिने छ। यो सूचना यस कार्यालयको वेव साइट http://www.katarimun.gov.np मा पनि हेर्न सकिनेछ।

१.शिलबन्दी बोलपत्र फारम PPMO को वेभसाइट www.bolpatra.gov.np/egp मार्फत डाउनलोड गरी मिति २०७९/०६/३१ गतेको दिनको १२:०० बजेसम्म जम्मा गरी सक्नु पर्नेछ। शिलबन्दी दरभाउपत्र खरिद बापत रु १०००।- (अक्षरेपी एक हजार मात्र) नगद फिर्ता नहुने गरी ) यस कार्यालयको कटारी स्थीत रा.वा.बैंकको खाता नं. २०५०१००३०१०१०००२ मा मिति २०७९/०६/३० गते कार्यालय समय भित्र नै दाखिला गरी सोको भौचर PDF Format बनाई BID Document submit गर्दा upload गर्नुपर्नेछ। दाखिला हुन आएका शिलबन्दी दरभाउपत्र २०७९/०६/३१ गते दिनको २:०० बजे यस कार्यालयमा शिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। दरभाउपत्र दाता वा प्रतिनिधिको उपस्थिती नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

२. खरिद भएको शिलबन्दी दरभाउपत्र फारम कवोल अंकको ३ प्रतिशत रकम नगदै राष्ट्रिय वाणिज्य बैंक कटारी शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. २०५०१००३०३००००२ मा दाखिला गरेको सक्कल भोचर वा कम्तीमा ९० दिन म्याद भएको बैंक जमानीपत्र (BID BOND) को PDF Format बनाइ शिलबन्दी दरभाउपत्र जम्मा गर्ने बखतमा पेश गर्नुपर्ने छ। कागजातहारु पेश नगरेको दरभाउपत्रदाताहरुको दरभाउपत्र उपर कुनै कार्वाही हुने छैन।

३. खरिद हुने औषधिको म्यादको सम्बन्धमा दरभाउपत्रको specification मा उल्लेख भए अनुसार हुनु पर्नेछ। specification मा उल्लेख नभएको औषधिको म्याद उक्त औषधिहरुको manufacturing date बाट expiry date कम्तीमा ८० प्रतिशत बांकी हुदां स्टोरमा दाखिला हुनु पर्ने छ। सो भन्दा घटि म्याद भएका औषधि तथा अन्य सामानहरु कुनै पनि हालतमा बुझिलिइने छैन। टुटफुट तथा प्राविधिक समस्या भएका कुनै पनि औषधीहरु समेत बुझिलिइने छैन।

४. दरभाउपत्र दाताको दरभाउपत्र स्वीकृत भएपछि स्वीकृत अंकको ५ प्रतिशत बराबरको रकम सम्झौता गर्नु अगावै राष्ट्रिय वाणिज्य बैंक कटारी शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. २०५०१००३०३००००२ मा जम्मा गनुपर्नेछ र नगद धरौटी खातामा जम्मा गरेको भौचर वा यस नगरपालिकाको नाममा जारी भएको बैक ग्यारेन्टी पेश गर्नुपर्नेछ।

५.आफुले सप्लाई गर्ने औषधीहरुको अधिकार पत्र (Aurthority Letter) स्वदेशी कम्पनीको हकमा उत्पादकबाट र बिदेशि कम्पनी भए National Suppliers बाट लिई पेश गर्नु पर्नेछ।

६. औषधीहरु दरभाउपत्र फारममा उल्लेख भएबमोजिम परिमाण सम्झौता भएपश्चात यस कार्यालयको स्टोरमा दरभाउपत्रदाताले आफ्नै तर्फबाट ढुवानी गरि बुझाउनु पर्नेछ। सम्झौता बमोजिमका सामानहरु सम्झौतामा उल्लेख भएको अवधिभित्र सप्लाई गरि सक्नु पर्नेछ।

७. दरभाउपत्रदाताले आफुले पेश गरेको दरभाउपत्रको शिलबन्दी खाम बाहिर दरभाउपत्र खरिद गरेको कार्यालयको नाम तथा नि:शुल्क स्वास्थ्य सेवाको लागी अत्यावश्यक औषधीहरु खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र भनि उल्लेख गर्नु पर्नेछ। साथै उक्त शिलबन्दी खाम बाहिर स्पष्ट रुपमा दरभाउपत्रदाताले आफ्नो नाम ठेगाना समेत उल्लेख गरि पेश गर्नुपर्नेछ।

८. दरभाउपत्र दाताले दरभाउपत्र फारमको प्रत्येक पानाहरुमा नमेटिने मसिले सही गरि फर्म वा कम्पनीको छाप समेत लगाउनु पर्नेछ। यसो नगरेको दरभाउपत्रलाई रित नपुगेको मानिने छ।

९.औषधीको strip/blister packing मा नेपाल सरकारबाट नि:शुल्क वितरणको लागी भनि अनिवार्य छाप लगाइएको हुनु पर्नेछ।

१०. ठेक्का सम्झौता बमोजिम काम शुरु नगरेमा वा काम शुरु गरि बिचमा छाडेमा वा सम्झौता बमोजिमको प्रगति नगरेमा ठेक्का तोड्न सकिनेछ। सम्झौताको म्याद भित्र यस कार्यालयले तोकेको स्टोरमा औषधी दाखिला गर्न नसकेको खण्डमा प्रचलित आर्थिक नियमानुसार कारबाही हुनेछ।

११. सप्लाई हुने औषधी तथा अन्य सामानहरुको प्रत्येकको प्याकिङको बाहिर production date,expiry date र batch no.उल्लेख भएको हुनुपर्नेछ।

१२. औषधीको हकमा WHO, GMP प्रमाणित र सामग्रिहरुको हकमा ISO मापदण्ड प्राप्त कम्पनीहरुको हुनु पर्नेछ।

१३. प्राप्त हुन आएका दरभाउपत्र पूर्ण वा आंसीक रुपमा स्वीकार गर्ने वा पूर्ण रुपमा रद्द गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ। साथै दरभाउपत्रमा उल्लेख भएका औषधी तथा अन्य सामानहरुको परिमाण थपघट समेत हुन सक्ने र यसरी थपघटभएता पनि दरभाउपत्रदाताले कबोल गरेको दरमा उपलब्ध गराउनु पर्नेछ।

१४. शिलबन्दी दरभाउपत्र मूल्यांकन तथा स्वीकृतीको निर्णय आईटम वा इज दररेट वा एकमुष्ट दररेटमा स्वीकृत गर्ने अधिकार यस कार्यालयमा रहनेछ।

१५. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानुन अनुसार हुनेछ।

१६. आपूर्तिकर्ताले सप्लाई गरेको औषधिको गुणस्तरमा शंका लागि परिक्षण गर्नुपर्ने भएमा आपूर्तिकर्ता स्वयंले परीक्षण गराई परिक्षणको प्रमाण पत्र पेश गर्नुपर्नेछ। परिक्षणमा लाग्ने खर्च आपूर्तीकर्ता स्वयंले नै व्यहोर्नु पर्नेछ।

१७. शिलबन्दी बोलपत्र सम्बन्धि अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ।

**तपसिल :-**

| ठेक्का नं. | विवरण | ईष्टिमेट अंक (भ्याट सहित, रु.) | धरौटी रकम(रु.) | दरभाउपत्रदस्तुर(रु.) | कैफियत |
|---|---|---|---|---|---|
| EGP/Sealed/2079/80/01 | कटारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरु औषधि तथा सर्जिकल सामाग्री खरिद | ४७,००,०००।- | १,४१,०००।- | १,०००।- | |

# आजको राशिफल

- ज्यो.प. मुकुन्दप्रसाद

मेष - विद्या र बुद्धिको विकास हुनेछ ।
बृष - मनमा उत्पन्न शंका तथा डरका कारण बनिसकेको काममा दुबिधा उत्पन्न हुन सक्छ ।
मिथुन - अध्ययन अध्यापनको क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ ।
कर्कट - महत्वपूर्ण कार्यमा व्यवधान आइपर्ला ।
सिंह- आज मन अध्यात्म र दर्शनतर्फ आकर्षित बन्नेछ ।
कन्या - आज अधुरा र रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुन सक्नेछ ।
तुला - यात्रामा मालसामान हराउन सक्छ ।
बृश्चिक - आज सामाजिक सेवा गर्ने अवसरले मानप्रतिष्ठा बढाउनेछ ।
धनु - आज एउटै कामबाट दोहोरो लाभ मिल्नेछ बन्धुबान्धवबाट सहयोग मिल्नेछ ।
मकर - आज परीक्षा आदि प्रतिस्पर्धामा उत्तीर्ण हुन सकिनेछ ।
कुम्भ - सन्तान तथा परिवारमा मेलमिलाप हुनेछ ।
मीन - आज मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।


नेपालीहरुको महान् चाड २०७९ सालको वडा दशैं, तिहार तथा छठ पर्वको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

## वन्यजन्तु अपराध नियन्त्रण सम्बन्धी डिभिजन वन कार्यालय त्रिवेणीको अनुरोध

वन्यजन्तु पक्रने, शिकार गर्ने, ओसारपसार गर्ने कार्य गरेमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ बमोजिम पाँच लाखदेखि दश लाख रूपैयासम्म जरीवाना वा पाँच बर्षदेखि पन्ध्र वर्षसम्म कैद वा दुवै सजाय हुनेछ । तसर्थ, उपरोक्त बमोजिमका निषेधित कार्यहरू नगर्न नगराउनु हुन सरोकारवाला सबैलाई हार्दिक अनुरोध छ ।



डिभिजन वन कार्यालय, उदयपुर त्रिवेणी